१८ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ ।। अङ्क : ०१० ॥ २०८२ माघ २६ गते सोमबार (9th Feb 2026 Monday) Pratidin National Daily मूल्य-रु.५/-

## झापामा कति धेरै सवारी दुर्घटना

# एक महिना नबित्दै १८ जनाको मृत्यु



झापा, माघ २५ । झापामा अत्यधिक सवारी दुर्घटना हुने क्रममा एक महिना नबित्दै १८ जनाको मृत्यु भएको छ । यो माघ महिनाको २५ दिनभित्र त्यति धेरैजनाले ज्यान गुमाउनु परेको हो ।

अर्जुनधारामा लगातार दुईजनाले ज्यान गुमाएका छन् । शनिवार राति र आइतवार बिहान गरी दुईजनाको मृत्यु भएको हो । बिरिङ खोलामा ट्र्याक्टरले किचेर सहचालकको मृत्यु भएको छ ।

आइतवार बिहान ९:४० बजे अर्जुनधारा ७ स्थित बिरिङ खोलाबाट बालुवा लोड गरी अगाडी बढाउने क्रममा प्र१-०१-००१त ९०१० न. को ट्र्याक्टरको डालामा सवार सोही ट्र्याक्टरका सह-चालक अर्जुनधारा ३ बस्ने हर्क श्रेठका छोरा बर्ष १६ का सरोज श्रेष्ठ ट्र्याक्टरबाट खस्दा उनलाई पछाडीको चक्काले किचेको थियो । घाइतेलाई उपचारको लागि शंकर अस्पताल शनिश्चरे ल्याएकोमा डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो ।

प्रहरी चौकी शनिश्चरेबाट प्रहरी टोली खटिएर ट्र्याक्टर र ट्र्याक्टर चालक अर्जुनधारा ७ बस्ने ४६ वर्षीय पदमबहादुर दर्जीलाई नियन्त्रणमा लिएको छ । साथै ट्र्याक्टरका साहु अर्जुनधारा ४ बस्ने ५६ वर्षीय अशोकलाल दनुवारलाई पनि प्रहरी चौकी शनिश्चरेले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै तीन दिनअघि स्कुटीको ठक्करबाट घाइते भएका झापा अर्जुनधारा ३ बस्ने ४५ वर्षीय राजन बास्कोटाको उपचारका क्रममा मृत्यु भएको छ ।

बीएण्डसी अस्पताल बिर्तामोडमा उपचारका क्रममा शनिवार राति ९;१० बजे घाइते बास्कोटाको मृत्यु भएको हो । माघ २१ गते बिहान ६:३० बजे अर्जुनधारा ३ गरुवा चौकस्थित बिर्तामोड- खुदुनाबारी सडकखण्डमा बिर्तामोडबाट खुदुनाबारीतर्फ जाँदै गरेको प्र.१-०१-०१८ प १६७ नम्बरको स्कुटीले बाटो क्रस गर्दै गरेका पैदलयात्री बास्कोटालाई ठक्कर दिएको थियो । उनलाई उपचारका लागि बीएण्डसी अस्पताल लगिएको थियो ।

स्कुटी चालक इलाम माई नगरपालिका ३ बस्ने ३५ वर्षीया अमृता राई र स्कुटी प्रहरी नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

यसअघि माघ २१ गते दमकमा टिपरको ठक्करबाट दुईजनाको मृत्यु भएको थियो । झापामा सवारी दुर्घटनाबाट मानवीय क्षति हुने क्रम निकै बढेको हो । माघ १ गते एकैदिन तीनजनाले ज्यान गुमाएका थिए भने त्यसयता प्राय दिनहुँ दुर्घटनामा मृत्यु हुने गरेको छ ।

# झूटो उद्धार प्रकरण : श्रीद्धि अस्पतालका सञ्चालक डा. तिमिल्सिना पक्राउ

नेपाल प्रहरीले झूटो उद्धार प्रकरणमा लाजिम्पाटस्थित श्रीद्धि अन्तरराष्ट्रिय अस्पतालका सञ्चालक डा. गीर्वाणराज तिमिल्सिनालाई पक्राउ गरेको छ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले नेपालको हिमाली क्षेत्रमा हुने पदयात्रा र पर्वतारोहणका क्रममा विदेशी पर्यटकको नक्कली उद्धार (फेक रेस्क्यू) गरी बिमा रकम ठगी गरेको अभियोगमा आज तिमिल्सिनालाई पक्राउ गरेको हो।

ब्यूरोका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शिवकुमार श्रेष्ठले माउन्टेन रेस्क्यू सर्भिस, एभरेष्ट एक्सपेरियन्स एण्ड असिस्टेन्स र नेपाल चार्टर सर्भिससँगको मिलेमतोमा अस्पतालले नक्कली कागजात तयार पारी बिमा ठगी गरेको आरोपमा निजलाई पक्राउ गरिएको जानकारी दिए।

उक्त प्रकरणमा यसअघि तीन कम्पनीका ६ जना पक्राउ परिसकेका छन्। उक्त प्रकरणले अन्तारा‍ष्ट्रियस्तरमा नेपालको



पर्यटन क्षेत्रलाई गम्भीर क्षति पुर्‍याएको ब्यूरोले जनाएको छ।

पक्राउ परेका डा. तिमिल्सिनाविरुद्ध मुलुकी अपराधसंहिता २०७४ को दफा ५१ (राष्ट्रहित प्रतिकूल काम गर्न नहुने) र अन्य कीर्तेसम्बन्धी कसुरमा थप अनुसन्धान अगाडि बढाइएको प्रवक्ता श्रेष्ठले बताए।

# राई दम्पत्ती हत्या आरोपमा दाजुभाइ पक्राउ

झापा , माघ २५ । सोलुखुम्बुको भदौरेमा दम्पत्ती हत्यामा संलग्न आरोपमा दुई जना पक्राउ परेका छन् । ओखलढुंगाको चिशंखुगढी गाउँपालिका-६ भदौरेस्थित बोहोरे टोलमा बस्दै आएका ७४ वर्षीय चन्द्रविक्रम राई र उनकी श्रीमती ८० वर्षीया चन्द्रमाया राईको हत्यामा संलग्न आरोपमा दाजुभाइलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा दाजु ३४ वर्षीय धनबहादुर राना र र उनका भाई १७ वर्षीय बालक रहेका छन् । गत माघ १२ गते राति हत्या गरेर भागेका उनीहरुलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो र जिल्ला प्रहरी कार्यालय ओखलढुंगाको संयुक्त प्रयासमा गत २३ गते पक्राउ गरिएको हो ।

ओखलढुंगा प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानबाट भदौरेकै स्थानीय दुई दाजुभाइ उक्त घटनामा संलग्न रहेको पुष्टि भएपछि उनीहरूलाई काठमाडौंको डल्लु क्षेत्रबाट पक्राउ गरिएको थियो ।

पक्राउ परेका दाजुभाइले मृतक बृद्धबृद्धाको साथमा रहेको धनमाल हत्याउनकै लागि हत्या गरेको प्रहरी अनुसन्धानबाट पुष्टि भएको प्रहरीले जनाएको छ।

उनीहरु दुबै जना हत्या गर्नकै लागि काठमाडौंबाट योजना बनाएर आएको र हत्या गरिसकेपछि धनमाल लिएर काठमाडौं फर्किएका थिए । हत्यापछि उनीहरुले मृतक चन्द्रमाया राईले लगाउने सुनको मारवाडी र सिक्री, मोबाइल, उनीहरुको पसलमा भएको रिचार्जकार्ड र नगदसहित सि माला(पुलिक) लुटपाट गरेको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाका डीएसपी मदन केसीले जानकारी दिए ।

ती दुई दाजुभाइ काठमाडौंस्थित डल्लुमा रहेको आफन्तको कोठामा बस्दै आएका थिए । गाउँमा भएका बृद्ध दम्पत्तीका सन्तान समेत नभएको र उनीहरुसँग लाखौंको धनमाल विशेष गरी सुन भएको कुरा थाहा पाएपछि उक्त धनमाल हत्याउनका लागि योजना बनाएर चिशंखुगढी गाउँपालिका ६ भदौरे आएका थिए ।

घटनाको दिन गाउँ आएर सोही दिन हत्या गरी सामान लुटपाट गरेर सोही राति उनीहरु काठमाडौंतर्फ लागेका थिए ।

यसअघि पनि भदौरेमा मगर दम्पत्तीको हत्यापछि लुटपाट भएको थियो । प्रहरी अनुसन्धान अनुसार दुबै घटनामा हत्याको उद्देश्य समान प्रकृतिको छ । दुबै दम्पत्ती घरमा एक्लै बस्दै आएको तथा उनीहरुको घरमा किराना पसल भएकाले आर्थिक लालचका कारण हत्या भएको देखिएको हो ।

# रेशम चौधरीको पक्षमा आएन आदेश, उम्मेदवार हुन नपाउने

नागरिक उन्मुक्ति पार्टी, नेपालका संरक्षक रेशम चौधरी कैलाली क्षेत्र नम्बर १ बाट उम्मेदवार हुन नपाउने भएका छन्।

उनले दायर गरेको रिट निवेदनमाथि आइतबार सुनवाइ पछि सर्वोच्च अदालतले उनको पक्षमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो ।

न्यायाधीशद्वय सारंगा सुवेदी र



टेकप्रसाद ढुंगानाको इजलासले आज उक्त विवादमा सुनुवाइपछि अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो।

आदेशमा भनिएको छ, “उक्त संवैधानिक एवं कानुनी व्यवस्थाको व्याख्या प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाइको बखत हुने हुँदा सुविधा सन्तुलनको दृष्टिबाट मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। नियमानुसार पेस गर्नू।”

कैलाली क्षेत्र नं १ का निर्वाचन अधिकृतले उम्मेदवारी खारेज गर्ने निर्णयविरुद्ध चौधरीले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

# टी-२० विश्वकपमा नेपाल इङ्ल्यान्डसँग ४ रनले पराजित

झापा, माघ २५ । लोकेश बमको साहसका बावजुद नेपाल ट्वान्टी-२० विश्वकपमा आइतबार इंग्ल्यान्डसँग ४ रनले पराजित भएको छ । लोकेशले २० बलमा ३९ रन बनाए पनि १ सय ८५ रनको लक्ष्य लिएर आएको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाई १ सय ८० रनमात्र बनाउन सक्यो ।

मुम्बईको वानखडे रंगशालामा उपस्थित १७ हजारमध्ये अधिकांश नेपाली समर्थक रहेका थिए । त्यही नेपालले अन्तिम बलसम्म इंग्ल्यान्डको




प्रतिरोध गरेको थियो । लोकेशले ४ चौका र २ छक्का प्रहार गरे पनि अन्तिम २ बलमा बाउन्ड्री प्रहार गर्न नसक्दा नेपाल ट्वान्टी-२० विश्वकपमा टेस्ट राष्ट्र सामु विजयको मुखमा पुगेर रोकिएको थियो ।

अन्तिम ओभरमा विजयका लागि १० रन चाहिने अवस्थामा नेपालले ५ रनमात्र बनाउन सक्यो ।

कुशल भुर्तेल र आसिफ शेखले ४ ओभरभित्र ३७ रन जोडेर नेपाललाई राम्रो सुरुवात दिलाएका थिए । एक चौका प्रहार गरेका आसिफ ९ बलमा ७ रन बनाई आउट भए । दोस्रो ओभरदेखि निकै आक्रामक खेलेका कुशलले १७ बलमा २९ रन बनाए । उनले ४ चौका र १ छक्का प्रहार गरे ।

कप्तान रोहित पौडल र दीपेन्द्रसिंह ऐरीले तेस्रो विकेटमा ५४ बलमा ८२ रनको साझेदारी गरि नेपालको सम्भावना देखाएका थिए । दीपेन्द्र २९ बलमा ४४ रन बनाई आउट भए । सोक्रममा उनले ट्वान्टी-२० अन्तर्राष्ट्रियमा २ हजार रन पुरा गरेका थिए । उनी नेपालबाट ट्वान्टी-२० मा सर्वाधिक रन बनाउने खेलाडी हुन् ।

उनले ६ चौका र १ छक्का प्रहार गरे । रोहितले ३४ बल खेलि समान २ चौका र छक्कासहित ३९ रन बनाए । आरिफ शेख १ छक्का प्रहार गरि ८ बलमा १० रन बनाई जोफ्रा आर्चरको बलमा आउट भए । गुलशन झा पनि १ रनमै आउट भए । पहिलो परिवर्तनका रुपमा आएका लिएम डावसनले कसिलो बलिङ गरे । उनले ४ ओभरमा २१ रन खर्चेर आसिफ र रोहितको विकेट लिए ।

यसअघि ज्याकोब बेथेल र कप्तान ह्यारी ब्रुकको अर्धशतकमा टस जितेर ब्याटिङ गरेको इंग्ल्यान्डले निर्धारित २० ओभरमा ७ विकेट गुमाई १ सय ४ रन बनाएको थियो । बेथेलले कुशल भुर्तेलको बलमा लगातार दुई छक्का प्रहार गर्दै २ बलमा अर्धशतक पुरा गरेका थिए । उनले कुल ३५ बल खेलि समान ४ चौका र छकका प्रहार गर्दै ५५ रन बनाए ।

उनी ट्वान्टी-२० विश्वकपमा अर्धशतक बनाउने इंग्ल्यान्डका सबैभन्दा कान्छा खेलाडी पनि हुन् । उनले यो सफलता २२ वर्ष ३ महिना १६ दिनका दिन बनाएका थिए । यसअघि क्रेग किसवेटरले २२ वर्ष ५ महिना १८ दिनका अर्धशतक बनाएका थिए ।

ब्रुकले १९ ओभरको पहिलो बलमा नन्दन यादवलाई छक्का प्रहार गर्दै ३२ बलमा अर्धशतक पुरा गरेका थिए । अर्को बलमै नन्दनले ब्रुकलाई शेर मल्लबाट क्याच गराए । ब्रुकले ४ चौका र ३ छक्का प्रहार गर्दै ५३ रन बनाए ।

इंग्ल्यान्डले पावर प्लेमा २ विकेट गुमाई ५७ र १२ ओभरमा ३ विकेट गुमाई १ सय ६ रन बनाएको थियो । तर नेपालले त्यसपछि राम्रो पुनरागमन गरेको थियो । विशेष गरी सन्दीप लामिछानेले उत्कृष्ट बलिङ गरे । उनले ४ ओभरमा २५ रनमात्र खर्चेर १ विकेट लिए । इंग्ल्यान्डले अन्तिम ५ ओभरमा ५० रन जोडेको थियो ।

नेपालले उत्कृष्ट सुरुवात गरेको थियो । ‘डेब्यु’ गरिरहेका शेरले आफ्नो पहिलो बलमै फिल सल्टलाई १ रनमा आउट गरे । खेलको दोस्रो ओभरमा आफ्नो पहिलो ओभर लिएर आएका उनले सल्टलाई शर्ट फाइन लेगमा सन्दीपबाट क्याच गराए । जोस बटलरलाई नन्दनले विकेटकिपर आसिफबाट क्याच गराए । बटलरले १७ बल खेलि ५ चौका प्रहारगर्दै २६ रन बनाए । आफ्नो इनिङ्सका क्रममा बटलर ट्वान्टी-२० विश्वकपमा एक हजार रन पुरा गरे ।

सन्दीपले टम बेन्टानलाई २ रनमा एलबीडब्लु आउट गरे । साम करनलाई दीपेन्द्रले २ रनमा बोल्ड गरे । जोफ्रा आर्चर १ रनमा रनआउट भए । ज्याक ३९ रनमा अविजित रहे । इनिङ्सको अन्तिम ओभरमा करण केसीलाई ३ छक्का प्रहार गरेका ज्याकले १८ बल खेलि १ चौका र ४ छक्का प्रहार गरे । दीपेन्द्र र नन्दनले २-२ विकेट

❖ बाँकी अन्तिम पृष्ठमा

# वैवाहिक वर्षगाँठमा राहत कोषलाई सहयोग

झापा, माघ २५ । बिर्तामोडका युवा व्यवसायी घनश्याम चौधरीले आफ्नो १९औं वैवाहिक वर्षगाँठका अवसरमा राहत कोषलाई सहयोग गरेका छन् । वीरता जेसीजका पूर्व अध्यक्ष तथा नेपाल जेसीजका पूर्व उपाध्यक्ष, बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व कार्यसमिति सदस्य एवं देउरानी जेठानी सारी शोरुमका सञ्चालक चौधरीले श्रीमती पुनम चौधरीसहित संघको कार्यालयमा आएर बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको व्यवसायी सदस्य राहत कोषलाई २१ हजार २१ रुपैयाँ सहयोग प्रदान गरेका हुन् ।

बिर्तामोड उद्योग वाणिज्य संघको कार्यालयमा आयोजित कार्यक्रमका बीच चौधरी दम्पतीले उक्त रकमको चेक हस्तान्तरण गरेका थिए ।

कार्यक्रम नेपाली कांग्रेस बिर्तामोड नगर सभापति भोजराज सिटौलाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा सहयोग प्रदान गर्दै चौधरीले वैवाहिक वर्षगाँठजस्ता व्यक्तिगत उत्सवलाई फजुल खर्च नलगी सामाजिक उत्तरदायित्वसँग जोड्न पाउँदा खुशी लागेको बताए । उनले व्यवसायी राहत कोषजस्तो अभियानमा सहयोग गर्न पाउँदा गर्व महसुस भएको उल्लेख गर्दै अन्य व्यवसायीहरूलाई पनि यस्ता कोषमा योगदान गर्न उत्प्रेरित गरे । ‘थोरै खर्च कटाएर




ठूलो अर्थ राख्ने काम गर्न सकिन्छ,’ उनले भने ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले राहत कोषको उद्देश्य र हालसम्मको अवस्थाबारे जानकारी गराउँदै कोषमा करिब २५ लाख रुपैयाँ जम्मा भइसकेको बताए । उनले चौधरी दम्पतीको सहयोगले कोषलाई थप बल पुग्ने विश्वास व्यक्त गरे ।

संघका महासचिव कुशल खतिवडाले सञ्चालन गरेको कार्यक्रममा संघका विशिष्ट सदस्य निर्मल भट्टराई, उपाध्यक्षद्वय विशाल थापा र जीवन खड्का, सचिव राजकुमार साहलगायत कार्यसमिति सदस्यहरूको उपस्थिति थियो ।

सो अवसरमा कोषमा सहयोग रकम प्रदान गरेर कोष वृद्धिमा सहयोग पुऱ्याएको भन्दै संघले चौधरी दम्पतीलाई कदरपत्रद्वारा सम्मान गरेको थियो ।

कार्यक्रममा वीरता जेसीजका अध्यक्ष एलसी श्रेष्ठ, महासचिव सुवास त्रिखत्री, छैठ महिला मञ्चकी अध्यक्ष निशा गुप्ता, संगीता साह, रेनुणा महत्तो, युवा फ्रन्टका अध्यक्ष अमरजीत साहलगायतले वैवाहिक उत्सवको अवसरमा गरिएको सहयोगको प्रशंसा गर्दै चौधरी दम्पतीलाई शुभकामना व्यक्त गरे ।

कार्यक्रमका प्रमुख अतिथि भोजराज सिटौलाले बिर्तामोड उद्योग वाणिज्य संघले व्यवसायीको हितका लागि थालेका कामको खुलेर प्रशंसा गरे । उनले राजु न्यौपाने नेतृत्वको टिमले व्यवसायी संरक्षण र सशक्तीकरणका लागि उल्लेखनीय काम गरेको बताए । स्थानीय सरकारले गर्नुपर्ने काम गर्न नसकिरहेको अवस्थामा वाणिज्य संघले अगाडि बढेर भूमिका खेलेकोमा खुशी व्यक्त गर्दै उनले आफ्नै जन्मदिन जेठ १० गतेका दिन राहत कोषमा सहयोग गर्ने घोषणा समेत गरे ।

# आर्मीसामु चर्च ब्वाइज ३-० ले स्तब्ध

बिर्तामोड, माघ २५ । डिफेन्डिङ च्याम्पियन चर्च ब्वाइज युनाइटेडलाई ३-० ले स्तब्ध पार्दै त्रिभुवन आर्मी झापाको डोमालाल राजवंशी रंगशालामा आयोजित सातौं झापा गोल्डकपको क्वार्टर फाइनलमा प्रवेश गरेको छ ।



खेलको २७ औं मिनेटमा आर्मीले अग्रता लियो । दिनेश हेञ्जनको क्रस पासमा नविन लामाले वान टचमा आर्मीका लागि सुन्दर गोल गरेका थिए । आर्मीले अर्को गोल पहिलो हाफको इन्ज्युरी समयमा गर्दै अग्रता दोब्बर बनायो । कप्तान जिलेस्पीजंग कार्कीको पासमा नवयुग श्रेष्ठले गरेको एक्रोब्याटिक प्रहार गोलमा परिणत भयो ।

आर्मीले अर्को गोल फ्रिकिकमार्फत गर्न सफल भयो । जर्जप्रिन्स कार्कीले मैदानको २५ यार्डमा पाएको बललाई सिधै जाली चुमाए ।

खेलको ३२ औं मिनेटमा आर्मीका कुशल देउवाले गरेको शक्तिशाली प्रहारलाई चर्च ब्वाइजका गोलकिपर दिप कार्कीले उत्कृष्ट बचाउ गरे । खेलको अधिकांश समय बल नियन्त्रणमा राख्न सफल आर्मीले अरु गोल भने थप्न सकेन ।

तीनजना विदेशी खेलाडीसहित मैदानमा उत्रिएको चर्च ब्वाइजले विपक्षी पोस्टमा खासै दबाब सिर्जना गर्न सकेन । चर्चका खेलाडीहरु आर्मीसामु निरीह बनेका थिए । खेलको २१ औं मिनेटमा विदेशी खेलाडी जिडेन नाहले डिबक्सबाट गरेको प्रहार आर्मीका गोलकिपर विकेश कुथुले विफल बनाए ।

उपाधिको दाबेदार मानिएको आर्मी यो रंगशालामा आयोजना भएका प्रतियोगिताको चार सिजनको विजेता हो । गत सिजनदेखि सहभागिता जनाएको चर्च ब्वाइजले पहिलोपटक नै उपाधि हात पारेको थियो । योपटक आर्मीसामु निरीह बन्दा चर्च ब्वाइज पहिलो चरणमै घर फर्किन बाध्य बनेको छ ।

खेलको प्लेयर अफ द म्याच विजेता टिम आर्मीका नविन लामा घोषित भए । उनले नगद २५ हजार रुपैयाँ पुरस्कार पाए । सोमबारको पहिलो क्वार्टर फाइनल खेल झापा-११ फुटबल क्लब र भारतको सिङलिङ स्पोर्टिङ क्लब सिक्किमबीच हुनेछ ।

प्रतियोगिताको विजेताले नगद १५ लाख र उपविजेताले ७ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले यामाहा कम्पनीको एउटा मोटरसाइकल प्राप्त गर्ने आयोजकले जनाएको छ । यसैगरी विधागततर्फ उत्कृष्ट कोच, हाई स्कोरर र उत्कृष्ट गोलकिपरले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाउने छन् ।

# निर्वाचन आचारसंहिता कार्यान्वयन भएन

काठमाडौँ, माघ २५ । २०८२ फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि माघ ४ गते राति १२ बजेदेखि निर्वाचन आचारसंहिता, २०८२ लागु भएको अवस्था छ । निर्वाचन आयोगका सहसचिव एवम् प्रवक्ता नारायण प्रसाद भट्टराईका अनुसार प्रतिनिधि सभा सदस्य निर्वाचन स्वच्छ, निष्पक्ष, पारदर्शी, भयमुक्त एवम् मितव्ययी रुपमा सम्पन्न गर्नका लागि आयोगबाट पुस १३ गते निर्वाचन आचारसंहिता, २०८२ स्वीकृत भएको थियो ।

निर्वाचन आचारसंहिता लागू भएको अवस्थामा राजनीतिक दल, उम्मेदवार, दलको भ्रातृ सङ्गठनले कुनै जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्दछ ।

**दलको चिन्ह अक्तित सामान बोक्न नहुने**

यो अवधिमा कसैको घरको आसपासमा गइ निज वा निजको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न हुँदैन । राजनीतिक दलले स्थानीय प्रशासनको अनुमति नलिइ सार्वजनिक सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला गर्न हुँदैन । जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अङ्कित लोगो वा स्टिकर, कपडा, क्याप, भेष्ट, ब्याच, मास्क, झोला बोक्न हुँदैन ।

एकभन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भ्रातृ सङ्गठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक गर्न हुँदैन ।

**कसैको निजी घरमा चुनाव चिन्ह राख्न नपाइने**

कसैको निजी घरजग्गा वा सार्वजनिक भवन, उद्यान, सडकका भित्ता वा पोल वा कुनै सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न हुँदैन ।

उम्मेदवार वा दलले आफ्नो कार्यालय बाहेकका स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको चुनाव चिन्ह, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स तथा श्रव्य सामग्री प्रसारण तथा प्रदर्शन गर्न हुँदैन । जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचारप्रसारका कार्यक्रम गर्दा बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म मात्र गर्नुपर्ने छ ।

**बालबालिका प्रयोग गर्न नपाइने**

अनलाइन वेबपेज, टेलिभिजन, सपिङ मल, कल सेन्टर वा सडक नाटक आदिका माध्यमबाट दलको वा उम्मेदवारको बारेमा कुनै प्रचारप्रसार गर्न गराउन हुँदैन । निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग गर्न वा गराउन हुँदैन ।

ज्येष्ठ नागरिक, महिला, यौनिक तथा अल्पसङ्ख्यक तथा अपाङ्गता भएका व्यक्तिहरुको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने प्रकारले प्रचारप्रसार गराउन पाइँदैन ।

**मतदाता ओसारपसार गर्न नपाइने**

राजनीतिक दल वा उम्मेदवारले सवारी साधनको प्रयोग गरी एक जिल्लाबाट अर्को जिल्लामा मतदाता ओसारपसार गर्न नहुने आचारसंहितामा उल्लेख छ । यससँगै कुनै पनि धर्मको प्रचारप्रसार गर्न, गराउन नहुने, उम्मेदवार र निजको परिवारलाई कुनै तवरबाट डर, त्रास तथा धम्की दिन नहुने, साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचार गर्न तथा मत माग्न नहुने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिनभन्दा १७ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसार सम्बन्धि आचारसंहितामा उल्लेखित गतिविधि गर्न पाइने बताइएको छ ।

निर्वाचनमा विजयी भएको उम्मेदवारले कुर्न प्रकारको भोज भतेर गर्न वा नगद वा जिन्सी वितरण गर्न हुँदैन । निर्वाचन आयोगले तोके बमोजिम बढीमा दुई वटा दुईपाङ्ग्रे वा तीनपाङ्ग्रे वा चारपाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता सवारीसाधन नचल्ने ठाउँमा बढीमा चार वटा घोडा प्रयोग गर्न सक्ने छन् ।

एउटा दल वा उम्मेदवारको नाममा अनुमति लिएको सवारीसाधन अन्य दल वा उम्मेदवारले प्रयोग गर्न हुँदैन । हेलिकप्टर प्रयोग गर्दा राजनीतिक दलको लागि आयोगले निर्धारण गरेको समानुपातिक निर्वाचन प्रणाली बमोजिम बन्दसूचीका उम्मेदवारको संख्याको आधारमा राजनीतिक दलले गर्न पाउने खर्चको सीमाभित्र रही गर्नुपर्ने छ । राजनीतिक दलले टेलिभिजन, रेडियो वा एफ.एम., रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा २४ घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सकिने छ ।

## कांग्रेसलाई..

अन्य पार्टीको तुलनामा महिला अधिकार रक्षामा कांग्रेस अगाडि रहेको उनको भनाई थियो ।

अन्य जनप्रतिनिधिको तुलनामा आफ्नो क्षेत्रमा आफूले उल्लेख्य विकास निर्माणका कार्य गरेको दावी गर्दै उनले प्रत्यक्ष निर्वाचित भएमा नीति निर्माण र विकास निर्माण दुवै क्षेत्रमा काम गरेर देखाउने धारणा राखिन् ।

कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य एवं समानुपातिक उम्मेद्वार उमा शिवाकोटीले २००७ सालदेखि संविधान निर्माणसम्मका परिवर्तनको नेतृत्व नेपाली कांग्रेसले गरेको बताउँदै सबै दललाई एकैठाउँमा उभ्याउने तागत कांग्रेसमा मात्रै रहेको बताइन् ।

देश संक्रमणकालीन अवस्थामा रहेको र जेनजी पुस्ताले खोजे अनुसार कांग्रेसमा युवा नेतृत्व आएको बताउँदै नेतृ शिवाकोटीले मुलुक र लोकतान्त्रिक ब्यवस्थालाई बचाइराख्न कांग्रेसलाई ठूलो शक्ति बनाउन आम मतदातामा अपिल गरिन् ।

अर्का समानुपातिक उम्मेद्वार मनमाया विश्वकर्माले प्रत्यक्ष र समानुपातिक दुवैतर्फ रुख चिन्हमा मतदान गरी लोकतान्त्रिक ब्यवस्थाको रक्षाका लागि कांग्रेसलाई ठूलो शक्ति बनाउन आग्रह गरिन्। नेपाल महिला संघ झापाका अध्यक्ष टिका सिटौला मैनालीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा निर्मला गुरुङ, सिता ढकाल उप्रेती, यसोदा उप्रेतीलगायतले आ-आफ्ना धारणा राखेका थिए । सिता चुडाल सुवेदीले स्वागत गरेको कार्यक्रमको सञ्चालन प्रभा पौडेलले गरेकी थिइन् । कार्यक्रममा नेपाली कांग्रेस सहमहामन्त्री डा. डिला संग्रौला, सुधिरकुमार शिवाकोटी, सुरेश सुब्बा, तारामान गुरुङ, उमा शिवाकोटीलगायतलाई स्वागत गरिएको थियो ।

# हाजिर जमानीमा दुर्गा प्रसाईं रिहा

काठमाडौँ । बीएण्डसी अस्पतालका संचालक दुर्गा प्रसाईं हाजिर जमानीमा रिहा गरिएका छन्।

प्रसाईंलाई गत शुक्रबार नेपाल



प्रहरीले काठमाडौँको चाल्नाखेल क्षेत्रबाट पक्राउ गरेको थियो। उनीमाथि निर्वाचनविरोधी गतिविधिमा संलग्न रहेको आरोप लगाइएको थियो।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ महाभियानका संयोजक रहेका प्रसाईं यसअघि पनि सार्वजनिक शान्तिविरुद्धको कसुरमा पक्राउ परेका थिए।

गत माघ ५ गते पोखराबाट पक्राउ परेका उनलाई भोलिपल्ट माघ ६ गते हाजिर जमानीमा रिहा गरिएको थियो। प्रसाईं विभिन्न अभिव्यक्ति तथा गतिविधिका कारण पछिल्लो समय विवादमा रहँदै आएका छन्। यसपालि पनि अनुसन्धानको प्रक्रिया जारी रहँदै हाजिर जमानीमा रिहा गरिएको ब्युरो स्रोतले जनाएको छ ।

# लागूऔषधसहित कचनकवलका एक युवक पक्राउ

झापा, माघ २५ । झापाको अर्जुनधारा वडा न.११ स्थित बसपार्कबाट लागूऔषधसहित एक युवक पक्राउ परेका छन् । शनिवार बिहान १० बजे अस्थायी प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरी सहायक निरीक्षक राजेश पौडेलको कमाण्डको टोलीले शंकास्पद अवस्थामा हिडडुल गरिरहेका कचनकवल वडा



न.६ बस्ने २५वर्षीय हेमराज बिकलाई पक्राउ गरेको हो । शंका लागेर चेकजाँच गर्दा उनको साथबाट प्लास्टिकबाहेक २ ग्राम ८६०मिलिग्राम ब्राउनसुगर फेला परेको छ । बिकलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा ल्याई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# इण्डो नेपाल टी-२० च्याम्पियनसीपमा लखनउ र डडेल्धुरा विजयी

भद्रपुर,माघ २५ । झापाको भद्रपुर-८ स्थित मेची बहुमुखी क्याम्पसको क्रिकेट मैदानमा जारी इण्डो-नेपाल टी-२० च्याम्पियनसीपअन्तर्गत आइतवार समूह बी को दुई खेल भएका छन् ।

पहिलो खेलमा भारतको लखनउ विजयी भएको छ भने दोस्रो खेलमा नेपालको डडेल्धुराले जित निकालेको छ ।





पहिलो खेलमा ग्लोबल स्टार लखनउले गण्डकी हिरोज पोखरालाई ५५ रनले पराजित गर्‍यो । पहिले ब्याटिङ गरेको लखनउले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १४३ रन बनाएको थियो । जवाफमा पोखरा १६.५ ओभरमा अलआउट हुँदै ८८ रनमा समेटियो । ब्याटिङमा लखनउका तर्फबाट अनुभव सिंहले अर्धशतकीय पारी खेले । उनले ५५ बलमा ६६ रन बनाए । बलिङमा पोखराका तर्फबाट सिब्रिन श्रेष्ठले ४ ओभरमा ११ रन खर्चिएर २ विकेट लिए ।

यसैगरी पोखराका तर्फबाट ब्याटिङमा दिपकप्रसाद डुम्रेले सर्वाधिक २४ रन बनाए भने पोखरालाई सस्तैमा समेट्न लखनउका तर्फबाट शिवम् अजयले ४ ओभरमा २५ रन खर्चिएर ४ विकेट लिए । उनी म्यान अफ म्याच भए ।

दोस्रो खेलमा भारतको स्नोलायन सिक्किमलाई ६ विकेटले पराजित गर्दै नेपालको फ्रेण्डस् युथ क्लव डडेल्धुराले आफ्नो समूहमा विजयी सुरुवात गरेको छ । पहिले ब्याटिङ गरेको सिक्किमले १९.२ ओभर खेल्दै केवल ७१ रन बनायो । डडेल्धुराले सो न्यून लक्ष्य १२.३ ओभरमा ४ विकेटको क्षतिमा पूरा गर्‍यो । ब्याटिङमा सिक्किमका तर्फबाट रुसभ राथोड र सौरभ कुमारले समान १९ रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अंकको रन बनाउन सकेनन् । सिक्किमलाई सस्तैमा समेट्न डडेल्धुराका तर्फबाट अभिषेक गौतमले ३.२ ओभरमा १४ रन खर्चिएर ४ विकेट लिए । उनी म्यान अफ द म्याच भए ।

## टी-२०...

लिए । दीपेन्द्रले ३ ओभरमा २३ र नन्दनले ३ ओभरमा २५ रन खर्चे ।यसअघि आइतवार नै भएको पहिलो खेलमा अफगानिस्तानलाई हराउँदै न्युजिल्यान्डले विजयी शुरुवात गरेको छ ।

प्रतियोगितामा २० वटा टोली सहभागी छन् । समूह ‘ए’ मा भारत, पाकिस्तान, अमेरिका, नामिबिया र नेदरल्यान्ड्स छन् । समूह ‘बी’ मा अस्ट्रेलिया, श्रीलङ्का, जिम्बाबे, आयरल्यान्ड र ओमान छन् । समूह ‘सी’ मा नेपाल, इङ्ग्ल्यान्ड, वेस्ट इन्डिज, स्कटल्यान्ड र इटाली छन् । इटालीले पहिलो पटक टी-२० विश्वकप खेल्न लागेको हो । समूह ‘डी’ मा दक्षिण अफ्रिका, न्युजिल्यान्ड, अफगानिस्तान, संयुक्त अरब इमिरेट्स (यूएई) र क्यानडा छन् । हरेक समूहका शीर्ष दुई टोली ‘सुपर-एट’ मा पुग्नेछन् । ‘सुपर-एट’ मा चार-चार वटा टोली दुई समूहमा बाँडिनेछन् । समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् ।१०औं संस्करणको टी-२० विश्वकपको फाइनल खेल आउँदो मार्च ८ मा हुनेछ ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः श्री अमृत बुढाथोकी, दक्षिणः राजमान सेन्चुरी को नाममा जारी गरिएको ।

साविक गरामनी गाविस वडा नं. ८ हाल बिर्तामोड नगरपालिका, वडा नं. ९ बस्ने श्री उर्मीला शाहले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ९ | १८० ०२०० | ३०१ | १६९.३२ | २०८२/१० /०७ | २०८२/१० /०८ | २०८२/१० /२५ |



**निक्षेपउपर हकदावी सम्बन्धी ३५ दिने सूचना**

कोशी प्रदेश ,इलाम जिल्ला,माईजोगमाई गाउँपालिका वार्ड नं.-०४, मा बस्ने श्री इच्छाराम कट्टेलकी आमा,श्री रामचन्द्र कट्टेलकी पत्नी,श्री पवित्रा कट्टेलको मिति वि.सं.२०८१/१२/३१गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय इलाममा रहेको वचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोरा श्री इच्छाराम कट्टेलले मिति वि.सं.२०८२/०९/१७मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट ‘ख’ वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np



**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**निशुल्क स्वास्थ्य शिविर सम्बन्धी**
**अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा यस विर्तामोड नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा नगरपालिका अन्र्तगतका विभिन्न स्वास्थ्य संस्थाहरुमा यहि मिति २०८२ साल माघ महिनाको २७ गतेदेखि फाल्गुन महिनाको १ गतेसम्म ३० वर्षदेखि ६० वर्ष उमेर समूहका प्रजनन् स्वास्थ्य रुग्णता सेवा ( महिलाहरुलाई लक्षित गरि तपशिलको मिति र स्थानमा स्तन स्यान्सर, अब्स्टेटिक फिस्टुला, आङ खस्ने समस्या र पाठेघरको मुखको क्यान्सर (VIA) स्क्रिनिङ तथा व्यवस्थापनको निम्ति निशुल्क स्वास्थ्य शिविर संचालन गरिने भएको हुँदा पायक पर्ने स्वास्थ्य संस्थामा गइ सेवा लिनहुन सुचित गरिन्छ ।

**नोटः** उक्त कार्यक्रमको प्रचार प्रसार र सूचना प्रवाह तथा सहयोग गरिदिनुहुन समाजसेवी, शिक्षक, राष्ट्रिय महिला स्वास्थ्य स्वयम् सेविका लगायत अन्य सरोकारवाला सम्पूर्णलाई अनुरोध छ ।

| क्र. सं. | स्थान | संचालन हुने मिति र समय |
|---|---|---|
| १ | आधारभुत स्वास्थ्य केन्द्र , वि.न.पा. वडा नं. १०, सैनिक बजार | २०८२/१०/२७ गते बिहान १० बजेबाट |
| २ | आधारभुत स्वास्थ्य केन्द्र , वि.न.पा. वडा नं. ७ | २०८२/१०/२९ गते बिहान १० बजेबाट |
| ३ | आधारभुत स्वास्थ्य केन्द्र , वि.न.पा. वडा नं. ५ | २०८२/११/०१ गते बिहान १० बजेबाट |

**सागर मिश्र**
**प्रमुख प्रशासकिय अधिकृत**



**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।**

**सामाजिक सञ्जालमाः**

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,
- जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन ।
- यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कडा कार्वाही होस्

थाहा भएअनुसार  झापामा अहिलेसम्म सिरिन्ज प्रहार गरी कसैको पनि हत्या भएको थिएन । पहिलो पटक झापामा  भद्रपुरका खेमराज ढकालको सिरिन्ज प्रहार गरी हत्या गरिएको हो । ढकालमाथि एनेस्थेसियामा प्रयोग हुने औषधिसहितको सिरिन्ज प्रहार गरी हत्या गरिएको प्रहरीले जनाएको छ । कुनै पनि विरामीलाई अपरेशन गर्नुभन्दा अगाडि बेहोस पार्न एनेस्थेसियामा प्रयोग हुने प्रोपोफोल औषधिसहितको सिरिन्ज ढकालमाथि प्रहार भएको जनाइएको छ । सिरहा बिष्णुपुर गाउँपालिका वडा नं. १ स्थायी घर भएका २६ वर्षीय दिपेशकुमार सिंहले बिहीवार साँझ ६;२० बजे भद्रपुर नगरपालिका वडा नं. १० त्रिवेणी टोल बस्ने ६६ वर्षीय ढकालमाथि सिरिन्ज प्रहार गरेका थिए । परिवारसंग आफ्नै घरमा बसिरहेको अवस्थामा सिंहले आफूसंगै ल्याएको केमिकल लोड गरिएको सिरिन्जले एक्कासि ढकालको घाँटीमा प्रहार गरेका थिए । गम्भीर घाइते ढकाललाई उपचारको लागि भद्रपुरस्थित ओमसाई पाथिभरा अस्पतालमा पुर्‍याई चेकजाँचपश्चात् चिकित्सकले मृत घोषणा गरेका थिए । घटनालगत्तै प्रहरीले सिंहलाई पक्राउ गरेको थियो ।

पीडितको घाँटीमा प्रहार गरिएको सिरिन्जमा भएको सो औषधि ल्याब परीक्षण गर्न पठाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्रबहादुर खड्काले बताए । बि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपामा एमबीबीएस चौथो वर्षमा अध्ययनरत सिंहले घोपामै एमबीबीएस तेस्रो वर्षमा अध्ययनरत जुनियर छात्राका बुवा ढकाललाई सिरिन्ज प्रहार गरी हत्या गरेका हुन् । सिंह बिहीवार बिहान पनि मृतक ढकालको घर पत्ता लगाई अवकाश प्राप्त शिक्षक चाहिएको छ खोजिदिनुपर्‍यो भनी बहाना बनाई घरमा आएका थिए । मृतककी छोरी घोपामा एमबीबीएस तेश्रो वर्षमा अध्ययनरत रहेकीले उनीहरुबीच सामान्य चिनजान रहेको बुझिएको छ । ८/९ महिना अगाडि पनि ढकालकी छोरीको बदनाम गर्ने नियतले सिंहले फोटोहरु इडिट गरि पठाएका थिए । उनीबिरुद्ध इलाका प्रहरी कार्यालय धरानमा उजुरी गरेको पीडितले बताएकी छन् । सिंहले प्रेम प्रस्ताव राख्दा ढकालकी छोरीले अस्वीकार गरेको बताइएपनि छोरीसंगको रिसिबीले बुबाको हत्या गर्नु पर्ने कारण भने पत्ता लाग्न सकेको छैन । त्यसबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । यस किसिमको अपराधमा संलग्न अपराधीलाई कडाभन्दा कडा कार्वाही गरिनु पर्छ । यस किसिमका अपराधलाई सबैले निरुत्साहन गर्नु पर्छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# घोषणापत्रमा समेट्नुपर्ने विषय



• डा. लोकनाथ  भुसाल

यतिबेला राजनीतिक दलहरू फागुन २१ को निर्वाचनका लागि घोषणापत्र लेखनमा व्यस्त छन् । लोकतान्त्रिक शासन प्रणालीमा निर्वाचन सत्ता प्राप्तिको प्रक्रिया मात्र नभई नागरिकले देशको नीति, प्राथमिकता र भविष्यको दिशा तय गर्ने महत्वपूर्ण अवसर हो । यस प्रक्रियाको केन्द्रमा रहने दस्तावेज निर्वाचन घोषणापत्र हो । यसैमार्फत राजनीतिक दलहरूले आफ्नो दृष्टिकोण, कार्यक्रम र प्रतिबद्धता जनतासमक्ष प्रस्तुत गर्छन् ।

निर्वाचन घोषणापत्रमा निर्वाचनमा होमिएका राजनीतिक दल वा उम्मेदवारले चुनाव जितेमा आगामी पाँच वर्षभित्र के के काम गर्ने छन् भन्ने योजना, नीति र प्रतिबद्धता उल्लेख गरिएको हुन्छ । घोषणापत्रले निर्वाचनलाई व्यक्तिकेन्द्रित राजनीति, सस्तो लोकप्रियता र भावनात्मक नाराबाट माथि उठाएर विषयगत, तर्कसङ्गत र उत्तरदायी लोकतान्त्रिक अभ्यासमा रूपान्तरण गर्छ । यसले नीतिगत प्रतिबद्धतामार्फत नागरिकलाई शासनसँग जोडने प्रयास गर्छ । नेपालजस्तो राजनीतिक सङ्क्रमण, कमजोर आर्थिक अवस्था र जनविश्वासको सङ्कट भोगिरहेको मुलुकमा घोषणापत्रको गुणस्तरले नै मुलुकले कडा सङ्घर्षबाट प्राप्त गरेको लोकतन्त्र र मुलुकको विकासको भविष्य निर्धारण गर्छ ।

निर्वाचन घोषणापत्रको आधार राजनीतिक दलको राष्ट्रिय दृष्टिकोण र वैचारिक स्पष्टता हुनु पर्छ । घोषणापत्रमा राजनीतिक दलको राजनीतिक दर्शन, राज्य संरचना तथा विकासको मोडेल, भूराजनीतिक व्यवस्थापन, संविधान संशोधन र सामाजिक न्यायको परिकल्पना स्पष्ट रूपमा प्रतिविम्बित हुनु पर्छ । नेपालको संविधानले समावेशी, लोकतान्त्रिक र समाजवाद-उन्मुख राज्यको लक्ष्य लिएको सन्दर्भमा घोषणापत्रले संविधानको मर्म अनुसार दीर्घकालीन नीतिगत दिशा प्रस्तुत गर्नु पर्छ । जनताको विकासको आकाङ्क्षालाई सम्बोधन गर्न सक्ने सुविचारित आधार प्रस्तुत गर्नु पर्छ । वैचारिक अस्पष्टता भएको घोषणापत्र नीतिगत निरन्तरता दिन असफल हुने भएकाले केवल अल्पकालीन लोकप्रिय वाचाको दस्तावेजमा सीमित रहन्छ ।

सुशासन, विधिको शासन र भ्रष्टाचार नियन्त्रण पनि घोषणापत्रको केन्द्रीय विषय हुनु पर्छ । नेपालमा पछिल्ला वर्षमा कुशासन, दण्डहीनता र कमजोर सेवा प्रवाहप्रति जनअसन्तोष तीव्र भएको देखिन्छ । गत भदौ महिनामा भएको युवा आन्दोलनले शासन प्रणालीप्रति व्यापक अविश्वास उजागर गर्‍यो । यसले राजनीतिक अस्थिरता र मध्यावधि निर्वाचनमा जानुपर्ने अवस्थालाई जन्म दियो । यस्तो पृष्ठभूमिमा घोषणापत्रले मुलुकमा सुशासन कायम गर्न संस्थागत सुधार, पारदर्शी सार्वजनिक खरिद, डिजिटल शासन, स्वतन्त्र निगरानी निकायको सुदृढीकरण र राजनीतिक दलको आन्तरिक सुदृढीकरण तथा आय-व्ययमा पारदर्शिता जस्ता विषयमा स्पष्ट प्रतिबद्धता समेटिनु पर्छ ।

आर्थिक नीति र आन्तरिक रोजगारी सिर्जना घोषणापत्रमा समावेश हुनुपर्ने सबैभन्दा संवेदनशील र महत्वपूर्ण पक्ष हुन् । विगतदेखि नै नेपालको आर्थिक वृद्धि सुस्त छ, नीतिगत गन्जागोल छ । त्यसैले आर्थिक तरक्की भएकै छैन् । उच्च आर्थिक वृद्धि दर हासिल नगरी जनताको विकासको आकांक्षा पूरा गर्न नसकिने भएकाले यसका लागि ठोस आधार निर्वाचन घोषणापत्रले प्रस्तुत गर्नुपर्ने छ । हाल युवा बेरोजगारी दर २० प्रतिशतभन्दा माथि रहेको, वैदेशिक रोजगारीमाथिको परनिर्भरता बढेको र करिब ८० प्रतिशत श्रमिक अनौपचारिक क्षेत्रमा कार्यरत रहेको यथार्थले अर्थतन्त्रको संरचनागत कमजोरी देखाउँछ । यस्तो अवस्थामा घोषणापत्रले तथ्यमा आधारित आर्थिक नीति, उद्योग प्रवर्धन, निजी क्षेत्रसँग सहकार्य, उद्यमशीलता विकास, सिपमूलक तालिम र लगानीमैत्री वातावरण सिर्जनाका लागि ठोस नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने देखिन्छ ।

सामाजिक न्याय, समावेशिता र समानता लोकतान्त्रिक घोषणापत्रका अनिवार्य आयाम हुन् । नेपाल बहुजातीय, बहुभाषिक र सामाजिक रूपमा विविधतापूर्ण मुलुक भएकाले सबै वर्ग र समुदायको समान पहुँच र अवसर सुनिश्चित गर्नु राज्यको दायित्व हो । महिला जनसंख्याको आधाभन्दा बढी भए पनि औपचारिक रोजगारीमा उनीहरूको सहभागिता ३० प्रतिशतभन्दा कम रहेको अवस्था गम्भीर सामाजिक आर्थिक समस्या हो । विकासमा जातीय, युवा र क्षेत्रीय सन्तुलन कायम गर्नु जरुरी छ । सबै प्रकारका असमानताले समाजलाई अस्थिर र असहिष्णु बनाउने भएकोले दलका निर्वाचन घोषणापत्रले महिलाको आर्थिक सशक्तीकरण, लक्षित सामाजिक सुरक्षा, समावेशी प्रतिनिधित्व र संरचनात्मक असमानता न्यूनीकरण गर्ने नीतिहरू स्पष्ट रूपमा समावेश गर्नु पर्छ । जीवनचक्रका बढ्दो जोखिमको सामना गर्न सामाजिक संरक्षणको दायरा विस्तार गर्दै दिगोपना सुनिश्चित गर्नुपर्ने छ ।

शिक्षा र स्वास्थ्य मानव पुँजी विकासका आधारस्तम्भ हुन् । चुनावी घोषणापत्रमा विगतमा जस्तै शिक्षाको गुणस्तर सुधार, शिक्षक तालिम, पाठ्यक्रम आधुनिकीकरण, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार र शिक्षा सिप रोजगार सम्बन्ध मजबुत बनाउने रणनीति समेटिनुपर्ने छ । स्वास्थ्यतर्फ १६ औँ योजनामा उल्लेख भएका सार्वभौमिक स्वास्थ्य सेवा, प्राथमिक स्वास्थ्य प्रणाली सुदृढीकरण, स्वास्थ्य बिमा विस्तार र ग्रामीण तथा दुर्गम क्षेत्रमा सेवा पहुँच सुनिश्चित गर्ने नीतिलाई घोषणापत्रले स्थान दिनुपर्ने छ । कोभिड-१९ महामारीले सार्वजनिक स्वास्थ्य प्रणालीको कमजोरी उजागर गरेकाले घोषणापत्रले दीर्घकालीन स्वास्थ्य सुधारलाई गम्भीरतापूर्वक सम्बोधन गर्ने व्यावहारिक नीतिको उदघोष गर्नुपर्ने छ ।

कृषि र ग्रामीण विकासलाई चुनावी घोषणापत्रमा आर्थिक रूपान्तरणका आधारका रूपमा राखिनु पर्छ । कृषि क्षेत्रमा सिँचाइ, मल बिउ आपूर्ति, भण्डारण, बजार पहुँच र मूल्य स्थिरता सुनिश्चित नगरी ग्रामीण गरिबी न्यूनीकरण सम्भव रहेकोले घोषणापत्रले कृषिलाई अनुदानमुखी नभई व्यावसायिक, प्रविधिमैत्री र मूल्य शृङ्खला आधारित बनाउने सुस्पष्ट नीति प्रस्तुत गर्नुपर्ने छ । यसले किसानको आम्दानी वृद्धि, रोजगारी सिर्जना र खाद्य सुरक्षा सुनिश्चित गर्नुका साथै उजाडिँदै गएका ग्रामीण बस्तीलाई उत्थान गर्ने छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा चुनावी घोषणापत्रले संघ, प्रदेश र स्थानीय तहबिचको अधिकार, स्रोत र जिम्मेवारीको स्पष्ट खाका प्रस्तुत गर्नुपर्ने छ । सबल वित्तीय संघीयता, स्थानीय तहको क्षमता विकास र सेवा प्रवाह सुधारका कार्यक्रम नसमेटिँदा संघीयता विवाद र असन्तुष्टिको कारण बन्ने भएकोले घोषणापत्रले विकेन्द्रीकरणलाई जनसहभागिता, उत्तरदायित्व र सेवा सुधारसँग जोड्ने स्पष्ट दृष्टिकोण प्रस्तुत गर्नुपर्ने छ । भूराजनीति, परराष्ट्र नीति र राष्ट्रिय हितसम्बन्धी विषय पनि घोषणापत्रमा स्पष्ट र यथार्थपरक हुनुपर्ने छ । नेपालमाथि छिमेकी र शक्ति राष्ट्रहरूको पनि स्वार्थ र चासो बढेकोले यसलाई व्यवस्थापन गरेर मात्र मुलुकमा स्थिरता, मानव सुरक्षा र सुशासन कायम गर्न सकिने कटु सत्यलाई चुनावी घोषणापत्रले मनन गर्नुपर्ने छ । करिब आठ लाखभन्दा बढी नेपाली नागरिक हरेक वर्ष वैदेशिक रोजगारीका लागि जाने यथार्थले श्रम कूटनीति र आप्रवासी श्रमिक संरक्षणको आवश्यकता देखाउँछ । दलका घोषणापत्रमा छिमेकी राष्ट्रहरूसँग आर्थिक कूटनीति, आप्रवासी श्रमिकको अधिकार, राष्ट्रिय सुरक्षा र सार्वभौमिकताको संरक्षणसम्बन्धी नीति स्पष्ट रूपमा आउनुपर्ने छ ।

जलवायु परिवर्तन र वातावरणीय चुनौती नेपालको वर्तमान र भविष्य दुवैका गम्भीर विषय भएकाले घोषणापत्रले जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरण, स्वच्छ ऊर्जा प्रवर्धन र वातावरण संरक्षणलाई दीर्घकालीन प्राथमिकताका रूपमा लिनुपर्ने देखिन्छ । दिगो विकासबिना आर्थिक प्रगति सम्भव हुँदैन भन्ने यथार्थ पनि घोषणापत्रमा स्पष्ट देखिनुपर्ने छ । तर यी सबैका नाममा उच्च आर्थिक विकासको आवश्यकतालाई बेवास्ता पनि गर्न नहुने विषयलाई पनि आत्मसात् गर्नुपर्ने छ । निर्वाचन घोषणापत्र नाराको कागज मात्र नभई शासन सञ्चालनको मार्गचित्र भएकाले तथ्यमा आधारित, यथार्थपरक, समावेशी र जवाफदेही घोषणापत्रले मात्र लोकतन्त्रलाई सबल बनाउँछ । नेपालको वर्तमान राजनीतिक, आर्थिक र सामाजिक सन्दर्भमा उच्च गुणस्तरका निर्वाचनका घोषणापत्र नै जिम्मेवार शासन, जनविश्वास पुनर्स्थापना, मुलुकको सर्वाङ्गीण विकास, समुन्नति र परिपक्व लोकतन्त्रका आधार बन्न सक्छन् । बुद्धिमान मतदाताले घोषणापत्रको आधारमा मत दिने र निर्वाचनमा बहुमत हासिल गर्ने दलले घोषणापत्रकै आधारमा सरकारका नीति कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने भएकाले पनि चुनावी घोषणापत्रको विशेष महत्व रहेको हुन्छ । यसले विगतमा जसरी गर्छु भनेको काम नगरी नागरिकलाई झुक्काउनु हुँदैन । यसको व्यावहारिक कार्ययोजना उत्तिकै आवश्यक छ ।गोपबाट

# नागरिकको आँखामा स्वाभिमानी नेपाल



• आनन्द पोखरेल

नेपालका लागि सुदृढ राष्ट्र हुनु भनेको– न कुनै सैन्य गठबन्धनको हिस्सा बन्नु न अस्थिर तटस्थताको बहानामा अवसर गुमाउनु। यसको अर्थ हो सक्रिय, विवेकी र आत्मसम्मानयुक्त कूटनीति। सुदृढ राष्ट्र निर्माण राज्यको मात्र काम होइन। यो नेपाली जनताको ऐतिहासिक, नैतिक र राजनीतिक दायित्व पनि हो। त्यसैले अब हाम्रो चेतना, हाम्रो श्रम र हाम्रो निर्णय।
सुदृढ राष्ट्र भनेको त्यस्तो राष्ट्र हो, जसको राज्य प्रणाली, अर्थतन्त्र र सुरक्षा संरचना नागरिक चेतनाको बलमा टिकेको हुन्छ। आन्तरिक रूपमा सक्षम, सचेत र संगठित नागरिकद्वारा सञ्चालित, बाह्य हस्तक्षेपविरुद्ध आत्मसम्मानसहित स्वतन्त्र निर्णय गर्न सक्ने राज्य समाजिक संरचना नै सुदृढ राष्ट्र हो।
सुदृढ राष्ट्र, नेपालको केन्द्रीय प्रश्न : नेपाल आज संक्रमणको अन्त्यमा होइन, संक्रमणकै भुमरीमा छ। राजनीतिक परिवर्तनहरू भए, शासन प्रणाली फेरियो, संविधान आयो। तर, राष्ट्र सुदृढ भयो कि भएन भन्ने प्रश्न अझै अनुत्तरित छ। यही कारण 'सुदृढ राष्ट्र' भन्ने शब्द राजनीतिक भाषण, कूटनीतिक दस्ताबेज र बौद्धिक बहसमा बारम्बार दोहोरिन थालेको छ। तर, यसको अर्थ स्पष्ट नभएसम्म यो शब्द नारा मात्र रहन्छ।
नेपालको सन्दर्भमा सुदृढ राष्ट्रको प्रश्न केवल राज्यको क्षमता वा सरकारको स्थायित्वसँग सीमित छैन। यो नागरिक चेतना, निर्णय-स्वतन्त्रता, आर्थिक आत्मनिर्भरता र राष्ट्रिय आत्मसम्मानसँग गहिरो रूपमा गाँसिएको विषय हो। नेपालजस्तो सानो तर भूराजनीतिक रूपमा संवेदनशील देशका लागि सुदृढ राष्ट्र हुनु अस्तित्वकै प्रश्न हो।

सुदृढ राष्ट्रनिर्माणमा राजनीतिक दलको भूमिका : निर्णायक हुन्छ, किनकि दल नै नीति निर्माण, नेतृत्व उत्पादन र सत्ता सञ्चालनका मुख्य माध्यम हुन्। तर, सुदृढ राष्ट्रका लागि राजनीतिक दल सत्ता प्राप्तिमा सीमित हुनु हुँदैन। उनीहरूले राष्ट्रमुखी दृष्टि, स्पष्ट राष्ट्रिय हित र दीर्घकालीन नीति बोकेर अघि बढ्नुपर्छ। दलहरूले बाह्य प्रभावभन्दा माथि उठेर निर्णय गर्न सक्ने नेतृत्व विकास गर्नुपर्छ। आन्तरिक लोकतन्त्र सुदृढ गर्दै पारदर्शिता र नैतिकतालाई व्यवहारमा उतार्नुपर्छ।
विभाजनकारी राजनीति होइन, राष्ट्रिय एकता र नागरिक सशक्तीकरणलाई प्राथमिकता दिनुपर्छ। जब राजनीतिक दलहरू अवसरवाद, व्यक्तिवाद र तत्कालीन फाइदाभन्दा माथि उठेर संविधान, स्वाधीनता र आर्थिक आत्मनिर्भरतालाई साझा लक्ष्य बनाउँछन्। तब मात्र राजनीति राष्ट्रनिर्माणको साधन बन्छ। अहिले अधिकांश राजनीतिक दल र नेतृत्वमा जबाफदेहीता, विश्वासनीयता र सुशासन कायम गर्न देखिँदैन। आजको मूल समस्या पनि यही हो।
सुदृढ राष्ट्र, नागरिकको आँखाबाट :  परम्परागत रूपमा राष्ट्रलाई राज्यसँग बराबरी गरियो संसद्, सरकार, अदालत, सेना, प्रशासन र कानुन नै राष्ट्र मानियो। तर, आधुनिक राजनीतिक सिद्धान्तले यो अवधारणालाई उल्ट्याइसकेको छ। राष्ट्रको शक्ति राज्यको शासन क्षमतामा होइन, नागरिकको चेतना र सहभागितामा निहित हुन्छ।
नेपालको इतिहास हेर्दा राज्य सधैं बलियो देखियो राजतन्त्र, पञ्चायत, गणतन्त्र; सबै कालखण्डमा सुरक्षा संयन्त्र र शासनलाई केन्द्रमा राखियो। तर, नागरिक सचेत र संगठित हुन सकेनन्। परिणामतः राज्य बलियो हुँदा पनि राष्ट्र सुदृढ भएन। त्यसैले नेपालको परिप्रेक्ष्यमा सुदृढ राष्ट्रको सटिक अर्थ हो। नागरिक सचेत, संगठित र निर्णय प्रक्रियामा निर्णायक भूमिका खेल्ने अवस्था कायम हुनुपर्छ।
भूराजनीतिक यथार्थ र सुदृढ राष्ट्र : नेपाल भारत र चीनजस्ता दुई विशाल शक्तिबीच अवस्थित छ। यो अवस्थिति अवसर पनि हो र चुनौती पनि। इतिहासभर नेपालले यही अवस्थितिका कारण आफ्नो अस्तित्व जोगाएको पनि छ र दबाब भोगेको पनि छ। आजको विश्व बहुध्रुवीय हुँदै जाँदा नेपालप्रति अमेरिका, चीन, भारत र अन्य शक्तिहरूको चासो बढ्नु अस्वाभाविक होइन।तर, भूराजनीतिक चासो आफैंमा समस्या होइन। समस्या तब हुन्छ जब राष्ट्रसँग आफ्नै स्पष्ट दृष्टि र निर्णय क्षमता हुँदैन। सुदृढ राष्ट्र भनेको त्यस्तो राष्ट्र हो, जसले सबैसँग सम्बन्ध राख्छ तर कसैको रणनीतिक औजार बन्दैन। नेपालका लागि सुदृढ राष्ट्र हुनु भनेको– न कुनै सैन्य गठबन्धनको हिस्सा बन्नु न अस्थिर तटस्थताको बहानामा अवसर गुमाउनु। यसको अर्थ हो सक्रिय, विवेकी र आत्मसम्मानयुक्त कूटनीति।
स्वनिर्णय क्षमता, राष्ट्रको मेरुदण्ड : स्वनिर्णय क्षमता भनेको आफ्नो राष्ट्रिय हित आफैं परिभाषित गर्न सक्ने शक्ति हो। नेपालको सन्दर्भमा यो क्षमता कमजोर देखिन्छ। विकास सहायता, ऋण, परियोजना र सुरक्षा सहकार्यका नाममा गरिएका सम्झौताहरूमा राष्ट्रिय बहसको अभाव छ। संसद्लाई औपचारिकता बनाइएको छ, नागरिकलाई सूचनाबाट वञ्चित गरिएको छ। सुदृढ राष्ट्रमा कुनै पनि विदेशी सहयोग अस्वीकार्य हुँदैन भन्ने होइन। तर, त्यो सहयोग राष्ट्रिय प्राथमिकतामा अधीनस्थ हुनुपर्छ। जब सहयोगसँग निर्देशन आउँछ, त्यहीँबाट स्वाधीनता कमजोर हुन थाल्छ। नेपालको सन्दर्भमा सुदृढ राष्ट्रको अर्थ हो, 'सहयोग लिने तर निर्णय नदिने' क्षमता विकास गर्नु हो।
लोकतन्त्र, चेतनाको अभ्यास : नेपालमा लोकतन्त्र संस्थागत रूपमा स्थापित छ। चुनाव हुन्छ, सरकार बदलिन्छ। तर, लोकतन्त्रको गहिरो अर्थ नागरिकको सतर्कता र जन सहभागिता कमजोर छ। लोकतन्त्रलाई मताधिकारमा सीमित गरिएको छ। पाँच वर्षमा एकपटक मतदान गरेर नागरिक दायित्व पूरा भएको भ्रम फैलाइएको छ। सुदृढ राष्ट्रका लागि लोकतन्त्रको अर्थ फरक छ। यसको अर्थ हो, प्रश्न गर्ने नागरिक, आलोचना सहने सत्ता र सत्य उजागर गर्ने स्वतन्त्र सञ्चार। जब जनता मौन हुन्छन्, सत्ता निरंकुश बन्छ। यो नेपालको अनुभव हो, सिद्धान्त मात्र होइन।

राष्ट्रियतामा नीतिगत स्पष्टताको प्रश्न : नेपालमा राष्ट्रियता प्रायः भावनात्मक उत्तेजनामा सीमित हुन्छ। संकट आउँदा झण्डा फहराइन्छ, नारा लगाइन्छ। तर संकट टर्दा राष्ट्रिय हित बिर्सिन्छ। सत्तामा टिक्न सैदाबाजी गरिन्छ। सुदृढ राष्ट्रमा राष्ट्रिय नीतिमा देखिन्छ, व्यवहारमा देखिन्छ। नेपालको परिप्रेक्ष्यमा सुदृढ राष्ट्रको अर्थ हो सीमा, स्रोत, जनता, भाषा, संस्कृति र नीतिमा स्पष्टता हुनु हो। न अन्धो राष्ट्रवाद न आत्मसमर्पण। आवश्यक छ विवेकपूर्ण, दीर्घकालीन र संस्थागत राष्ट्रियताको अनिवार्यता।
आर्थिक आत्मनिर्भरता नै स्वाधीनताको आधार : राजनीतिक स्वाधीनता आर्थिक आधारबिना सम्भव छैन। नेपाल आज आयात-निर्भर, उपभोगमुखी र वैदेशिक रोजगारीमा आधारित अर्थतन्त्रमा अडिएको छ। यस्तो संरचनाले राष्ट्रलाई बजार बनाउँछ, निर्माता होइन। सुदृढ राष्ट्रको सटिक अर्थ नेपालको सन्दर्भमा हो–उत्पादनशील अर्थतन्त्र। कृषि, ऊर्जा, पर्यटन, उद्योग र सीपमा आधारित विकास। श्रमको सम्मान र राष्ट्रिय पुँजी निर्माण। जबसम्म अर्थतन्त्र आत्मनिर्भर हुँदैन तबसम्म नीति पनि परनिर्भर रहन्छ।
युवा, बौद्धिक वर्ग र सञ्चारको भूमिका : नेपालको सबैभन्दा ठूलो शक्ति युवा हुन् तर यही शक्ति पलायनमा छ। बौद्धिक वर्ग मौन छ, सञ्चारमाध्यम सतही छ। यो केवल सामाजिक समस्या होइन, यो राष्ट्रको दीर्घकालीन कमजोरी हो। सुदृढ राष्ट्रका लागि युवाले देशमै भविष्य देख्नुपर्छ। बौद्धिक वर्गले प्रश्न गर्नुपर्छ। सञ्चारमाध्यमले सत्य बोल्नुपर्छ। मौनता तटस्थतामा होइन। यो धेरै अवस्थामा अपराध हो।
सचेत नागरिकमा अधिकारसँगै कर्तव्य : नेपालमा अधिकारको चर्चा धेरै हुन्छ, कर्तव्यको कम गरिन्छ। तर, सुदृढ राष्ट्र अधिकारले मात्र बन्दैन, सचेत नागरिकको जिम्मेवारी पूरा गर्नाले टिक्छ। मतदान मात्र होइन, निगरानी, सहभागिता र आवश्यक परे प्रतिरोध पनि नागरिक कर्तव्य हुन्। राज्य असफल भयो भनेर सबै दोष सत्तालाई थोपरेर नागरिक पन्छिन सक्दैनन्। राष्ट्रनिर्माण साझा परियोजना र नागरिकको साझा कर्तव्य हो।

निष्कर्ष - सुदृढ राष्ट्रको अन्तिम परिभाषा : नेपालको सन्दर्भमा सुदृढ राष्ट्र भनेको सचेत, जिम्मेवार र संगठित नागरिकद्वारा सञ्चालित, आर्थिक रूपमा आत्मनिर्भर बन्ने दिशामा अग्रसर, बाह्य दबाबबीच पनि आत्मसम्मानसहित निर्णय गर्न सक्ने राज्य र समाजको संरचना हो। राष्ट्र सिंहदरबारमा सीमित छैन। राष्ट्र संविधानको कागजमा मात्र छैन। राष्ट्र हामी हौं। हाम्रो चेतना, हाम्रो श्रम र हाम्रो निर्णय। सुदृढ राष्ट्रनिर्माण राज्यको मात्र काम होइन। यो नेपाली जनताको ऐतिहासिक, नैतिक र राजनीतिक दायित्व पनि हो। अपूबाट

# लोकतन्त्रको आवरणमा संवैधानिक अनिश्चितता : कतै हामी रणमैदानतर्फ त जाँदै छैनौँ ?



- ज्योतिकिरण

राजनीतिमा निर्वाचन एउटा यस्तो उत्सव बन्नुपर्ने हो, जहाँ नागरिकका सपना र राज्यको दायित्वबीच सुखद भेट हुन्छ। तर, वर्तमान नेपाली राजनीतिको ऐना अहिले धमिलो र संशयपूर्ण बनेको छ । एकातिर संसद विघटनको वैधानिकतामाथि सर्वोच्च अदालतमा परेको रिटको फैसला प्रतीक्षित छ भने, अर्कोतिर जेनजी आन्दोलनको छानबिन प्रतिवेदन सार्वजनिक नहुँदै मुलुकलाई निर्वाचनको दिशामा धकेलिएको छ। यसले गर्दा राज्य संयन्त्र निर्वाचनको प्राविधिक र व्यवस्थापकीय तयारीमा होमिएको भए पनि आम नागरिकको मनमा उत्साहभन्दा बढी रिक्तता र निराशाको बाक्लो तुँवालो लागेको देखिन्छ । वर्तमान नेपाली राजनीति अहिले यस्तो संवेदनशील मोडमा उभिएको छ, जहाँ राज्यका तीनवटै अंग—कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका—को सन्तुलन हल्लिएको छ। संसद विघटनको वैधानिकतामाथि सर्वोच्च अदालतमा विचाराधीन रिट र 'जेन जी' आन्दोलनको छानबिन प्रतिवेदन सार्वजनिक नहुँदै निर्वाचनको घोषणाले मुलुकलाई सम्भावित गृहयुद्ध र संवैधानिक शून्यताको अँध्यारो सुरुङतर्फ धकेल्ने जोखिम बढाएको छ। बाहिरबाट हेर्दा निर्वाचन लोकतान्त्रिक अभ्यास जस्तो देखिए पनि, यसको पर्दा भित्र लुकेको खतरा बारे अहिले सतहमै चर्चा भइरहेको छ ।मुख्य रुपमा सतहमै चर्चा भइरहेको खतरा भनेको संसद विघटनजस्तो गम्भीर संवैधानिक प्रश्नमा सर्वोच्च अदालतले दिने फैसलामा भएको ढिलाइ र जेन जी आन्दोलनको छानबिन आयोगको प्रतिवेदनको ढिलाइ नै हो । प्रत्येक दिनको यो ढिलाइले राजनीतिक अनिश्चिततालाई थप मलजल गरिरहेको छ भने यही कारण निर्वाचनको औचित्यमाथि नै प्रश्न चिन्ह खडा भएको छ ।

**गृह युद्धको खतरा:**

यदि अदालतले संसद विघटन विरुद्धको रिटमा समयमै स्पष्ट मार्गचित्र दिन सकेन भने शक्ति पृथकीकरणको सिद्धान्त धराशायी हुने निश्चित छ । राष्ट्रको जीवन मरणसँग जोडिएको न्यायिक सवालमा समेत ढिलाइ हुनु नेपालको इतिहासमा धेरै नै भयानक गल्ती हुने निश्चित छ । यस्तो गल्तीले सडकबाटै फैसला खोज्ने प्रवृत्ति हाबी हुन सक्ने र न्यायालय प्रतिकै जन आस्था घट्ने खतरा छ । न्यायालयप्रतिको जनआस्था घट्दा नागरिकहरूले कानुनी उपचारभन्दा भौतिक विद्रोहलाई विकल्प देख्न सक्छन् । निर्वाचनबाट पाखा लागेको शक्तिले यसैलाई बिद्रोहको औजार बनाउन सक्छ भने यो स्थिति नै गृहयुद्धको पहिलो झिल्को बन्न सक्छ। त्यति मात्र होइन नयाँ पुस्ताले उठाएको विद्रोह केवल सडक प्रदर्शन मात्र थिएन, यो राज्य संयन्त्रप्रतिको गहिरो अविश्वासको प्रकटीकरण थियो । उक्त आन्दोलनको दमन र त्यसपछिको घटनाक्रम बुझ्न गठन गरिएको छानबिन आयोगको प्रतिवेदन सार्वजनिक नगरी नै निर्वाचनमा जानुले पैदा गरेको जिउँदो असन्तुष्टिले अहिले पनि माइतीघर रुघिरहेकै छ । प्रतिवेदन नआउँदै निर्वाचनमा जाँदा, आन्दोलनका क्रममा भएका ज्यादतीका दोषीहरू फेरि शक्तिमा पुग्ने बाटो खुल्ला भएको छ ।यसरी युवाहरूको आक्रोशलाई सम्बोधन नगरी र उनीहरूले मागेको जवाफ नदिई गरिने निर्वाचनले दिगो शान्ति र स्थिरता दिन सक्दैन। यस्तो अस्पष्ट संवैधानिक धरातल र असन्तुष्ट युवा पुस्ताको बीचमा गरिने निर्वाचनले सधैं निर्वाचनपछि बन्ने सरकारको वैधानिकतामाथि प्रश्न उठाइरहने छ ।

न्यायालयले समयमा फैसला नदिएको र राज्यले प्रतिवेदन सार्वजनिक नगरेर दोषीलाई उन्मुक्ति दिएको झोंकमा सडकमा फेरि असन्तुष्टि विस्फोट हुन सक्ने खतरा देखिन्छ । अहिले देखिनै सार्वजनिक स्थलहरुमा अदालतको फैसला र छानबिनको नतिजा आउनुअघि नै चुनावको मञ्चन लोकतन्त्रको रक्षाका लागि नभई केही पात्रहरूको सत्ता स्वार्थ जोगाउनका लागि मात्र हुने आरोप प्रत्यारोपका चर्का आलोचना भइरहेका छन्।

**वैचारिक सुन्यता:**

नेपालमा निर्वाचन विचारको मन्थनभन्दा बढी शक्ति प्रदर्शन र अङ्क गणितको खेलमा सीमित हुँदै गएको आभास हुन्छ। राजनीतिक दलहरू उम्मेदवार छनोट र चुनावी राजनीतिमा व्यस्त रहँदा, नागरिक भने दैनिक गुजारा, बढ्दो महँगी र रोजगारीको अभावले थिचिएका छन्। निर्वाचनले नेतृत्व त फेर्छ, तर नागरिकको जीवनस्तरमा तात्विक परिवर्तन ल्याउन नसक्दा लोकतन्त्रप्रतिको भरोसा एउटा 'कर्मकाण्ड' मा मात्र खुम्चिएको छ। वर्तमान निर्वाचनको परिवेशलाई नियाल्दा कुनै ठोस वैचारिक एजेन्डा वा राष्ट्रिय संकल्प देखिँदैन। राजनीति केवल 'सत्ता जोगाउने र सत्तामा पुग्ने' दाउपेचमा केन्द्रित छ। शिक्षा, स्वास्थ्य र सुशासन जस्ता आधारभूत विषयहरू चुनावी घोषणापत्रका सजावट मात्र बनेका छन्। नागरिकहरू अब आश्वासनका शब्द होइन, अनुभूति गर्न सकिने परिणाम खोजिरहेका छन्। यो निर्वाचनले पनि मत पत्र त भर्ला, तर निराश नागरिकको मन भर्न नसकेसम्म त्यो जीतको कुनै अर्थ रहँदैन।

**निष्कर्ष:**

जेनजी आन्दोलनको छानबिन प्रतिवेदन सार्वजनिक नगरी र संसद विघटन विरुद्धको रिटमाथि अदालतको स्पष्ट व्याख्याबिना गरिने निर्वाचनले लोकतन्त्रलाई मजबुत बनाउनुको साटो सामाजिक ध्रुवीकरणलाई तीव्र बनाउने स्थिति छ । छानबिनको दायरामा रहेका पात्रहरू नै सत्ताको बागडोर सम्हालेर चुनावमा जाँदा त्यसको निष्पक्षतामाथि सधैं प्रश्न उठिरहनेछ भने असन्तुष्ट युवा शक्ति र राज्य संयन्त्रबीचको अविश्वासले चुनावी मैदानलाई रणमैदानमा परिणत गर्न सक्छ। पर्दा बाहिर निर्वाचनको लोकतान्त्रिक रङ दलिए पनि पर्दा भित्र संवैधानिक संकट र नागरिक विद्रोहको राँको बलिरहेको छ। संसदको निर्वाचन अघि अदालतको स्पष्ट फैसला र जेन-जी आन्दोलनको सत्यतथ्य बाहिर आउनु अनिवार्य छ। अन्यथा,निर्वाचनले समाधान होइन, थप जटिलता र राजनीतिक दुर्घटनालाई निम्तो दिनेछ। नेपाल फेरि अर्को द्वन्द्वको भुमरीमा फस्ने कि समृद्धिको मार्गमा लाग्ने भन्ने कुरा यी तीन निकायको आगामी केही साताका कदममा निर्भर गर्दछ। समयमै सचेत नहुने हो भने इतिहासले कसैलाई माफ गर्ने छैन।

## एक करोड नौ लाख ६३ हजार मतपत्र छपाइ सकियो

काठमाडौँ, माघ २५। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ३७ जिल्लाका ८८ निर्वाचन क्षेत्रको मत छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ।

आइतवारसम्म एक करोड नौ लाख ६३ हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए। हालसम्म डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत र बर्दघाट सुस्ता पश्चिम नवलपरासी गरी ३७ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको हो। यी जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको उनले बताए। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो। पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ्ग तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ।

## कांग्रेसलाई मत दिएर ठूलो पार्टी बनाउन आग्रह

बिर्तामोड , माघ २५ । नेपाली कांग्रेसका सहमहामन्त्री एवं प्रतिनिधिसभा निर्वाचनका लागि मेची संयोजक डा. डिला संग्रौलाले पार्टीको नेतृत्व र विचार बद्लिएको बताउँदै परिवर्तनको संवाहक नेपाली कांग्रेसलाई मत दिएर ठूलो पार्टी बनाउन आग्रह गरेकी छन् ।

नेपाली कांग्रेस झापाको आयोजनामा विर्तामोडमा सम्पन्न जिल्लाका पदाधिकारी, सदस्य, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, क्षेत्र, प्रदेशसभा क्षेत्र, गाउँ/नगर सभापतिहरुको संयुक्त भेलालाई सम्बोधन गर्दै सहमहामन्त्री संग्रौलाले यस्तो आग्रह गरेकी हुन् ।

'विशेष महाधिवेशनले गुटगत राजनीतिको अन्त्य भएको छ'-नेतृ संग्रौलाले भनिन्-' कांग्रेस एकजुट भएर निर्वाचनमा आएको छ, विचार बद्लिएको छ, नेतृत्व बद्लिएको छ । पार्टी बदलेर देश बदल्ने यात्रामा निस्किएको कांग्रेसलाई अब जनमत चाहिएको छ ।' जेनजी मुभमेन्टले नेतृत्व परिवर्तन खोजेको र सोही अनुसार पार्टी परिवर्तित नेतृत्व लिएर आएको उनको भनाई थियो । देश संक्रमणकालीन अवस्थामा रहेको बताउँदै उनले हरेक परिवर्तनको नेतृत्व कांग्रेसले गरेको र अहिलेको परिवर्तित अवस्थाको नेतृत्वको अवसर पनि कांग्रेसलाई दिन मतदातासँग आग्रह गरिन् ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका केन्द्रीय सदस्य तारामान गुरुङले इतिहास, राजनीतिक संस्कार र परिवर्तनको संवाहकको रुपमा रहेको कांग्रेसको पक्षमा देशभर जनलहर देखिएको बताए ।

नेपाली कांग्रेस केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले कांग्रेसमा नेतृत्व परिवर्तनसँगै देशभरका १०६ वटा क्षेत्रमा नयाँ एवं युवा अनुहारलाई उम्मेद्वार बनाएको बताउँदै परिवर्तनको नेतृत्व गर्ने अवसर दिन आग्रह गरे ।

केन्द्रीय सदस्य सुरेश सुब्बा, केन्द्रीय सदस्य एवं समानुपातिक उम्मेद्वार उमा शिवाकोटी, पूर्व केन्द्रीय सदस्य एवं झापा क्षेत्र नं-२ का उम्मेद्वार सरिता प्रसाईलगायतले आ-आफ्नो धारणा राखेका थिए ।

नेपाली कांग्रेस झापाका कार्यबाहक सभापति शेरबहादुर भट्टराईको सभापतित्वमा सम्पन्न कार्यक्रममा सहभागीहरुको तर्फबाट प्रेम सम्बाहाम्फे, दिपक तामाङ, इन्द्र कार्की, ओम विमली, पम्फा विक, लीला मैनाली, गोकुल श्रेष्ठ, विष्णु सुब्बा, इन्द्र बुढाथोकीलगायतले आ-आफ्ना क्षेत्रको निर्वाचन परिचालनका विषयमा बताएका थिए ।नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईंले सहजीकरण गरेको कार्यक्रममा स्वागत सहसचिव कमलप्रसाद भण्डारीले गरेका थिए । कार्यक्रममा नेपाली कांग्रेस सहमहामन्त्री डा. डिला संग्रौला, सुधिरकुमार शिवाकोटी, सुरेश सुब्बा, तारामान गुरुङ, उमा शिवाकोटी लगायतलाई कार्यबाहक सभापति भट्टराईले खादा लगाइदिएर सम्मान गर्दै कार्यकाल सफलताको शुभकामना ब्यक्त गरेका थिए ।

यसैबीच नेपाली कांग्रेसका तर्फबाट झापा क्षेत्र नं-२ का उम्मेद्वार सरिता प्रसाईले नीति निर्माण गर्ने थलो प्रतिनिधिसभामा आफूले प्रतिनिधित्व गर्न पाएमा महिला सहभागिता ५० प्रतिशत पुऱ्याउने प्रतिबद्धता जनाएकी छन् ।

नेपाल महिला संघ निर्वाचन प्रचार-प्रसार समिति क्षेत्र नं-२ को आयोजनामा नेपाली कांग्रेस जिल्ला पार्टी कार्यालयमा सम्पन्न २ नम्बर क्षेत्रस्तरीय महिला भेलालाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै नेतृ प्रसाईंले आफूले संविधानसभामा प्रतिनिधित्व गर्दा राज्यका हरेक क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिताको नीतिगत ब्यवस्था पारित गरेको स्मरण गरिन् ।

'अब अवसर पाए नीतिगत रुपमै महिला सहभागिता ५० प्रतिशत पुऱ्याउन पहल गर्नेछु'-नेतृ प्रसाईले भनिन्-'महिलाले सहजै अधिकार प्राप्त गर्ने अवस्था छैन, नेतृत्वसँग खोसेरै लिनुपर्ने अवस्था अहिले पनि छ ।'

## अण्डाको मूल्य घट्यो

झापा, माघ २५ । अण्डाको मूल्यमा भारी गिरावट आएको छ। नेपाल लेयर्स कुखुरापालक संघले सोमबारदेखि लागू हुने गरी नयाँ मूल्य घटाइएको जनाएको छ।



नेपालमा उत्पादन बढेको र यही समयमा भारतबाट पनि अण्डा नेपाल भित्रिएपछि मूल्यमा गिरावट आएको संघका अध्यक्ष विनोद पोखरेलले जानकारी दिए।

अब समर्थन मूल्यअनुसार ठूलो अण्डा प्रतिक्रेट (३० वटाको) ३७५ र मिडियम ३३५ कायम गरिएको छ। यसअघि माघ २२ गते ठूलो अण्डा प्रतिक्रेट ४३५ र मिडियम ४०५ रहेको थियो। माघ ११ गते ठूलो अण्डा ४९५ र मिडियम ४७५ पुगेको थियो। गत मङ्सिरमा अण्डाको मूल्य हालसम्मकै उच्च भएको थियो। तत्कालीन समयमा फार्ममा ठूलो अण्डा ५६५ प्रतिक्रेटमा बिक्री भएको थियो। मझौलाको ५५० थियो। संघका अध्यक्ष पोखरेलका अनुसार भारतीय सेतो अण्डा धेरै भित्रिएको र उत्पादन बढेका कारण यहाँको अण्डाले बजार र मूल्य पाउन नसकेको हो। भारतीय अण्डा रोक्न संघले सरकारी निकायसँग निरन्तर रूपमा माग गरिरहेको उनले जानकारी दिए।

अण्डाको उत्पादन लागत मूल्य प्रतिगोटा १९ रुपैयाँ १२ पैसा पर्न आउँछ। यस आधारमा लागत मूल्य प्रतिक्रेट पाँच सय ७४ रुपैयाँ छ पैसा पर्न आउँछ। लागत मूल्य नजिक पुगेको अवस्थामा पुनः अण्डाको मूल्य घटेपछि किसान निराश बनेका बनेका छन्।

संघले देशभरका फर्मबाट मूल्य लिएर चितवनलाई आधार मानेर अण्डाको समर्थन मूल्य जारी गर्ने गर्दछ।

## रेशम चौधरीको पक्षमा आएन आदेश



काठमाडौँ । नागरिक उन्मुक्ति पार्टी, नेपालका संरक्षक रेशम चौधरी कैलाली क्षेत्र नम्बर १ बाट उम्मेदवार हुन नपाउने भएका छन्।

उनले दायर गरेको रिट निवेदनमाथि आइतबार सुनवाइपछि सर्वोच्च अदालतले उनको पक्षमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो ।

न्यायाधीशद्वय सारंगा सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले आइतवार उक्त विवादमा सुनुवाइपछि अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो।

आदेशमा भनिएको छ, "उक्त संवैधानिक एवं कानुनी व्यवस्थाको व्याख्या प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाइको बखत हुने हुँदा सुविधा सन्तुलनको दृष्टिबाट मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। नियमानुसार पेस गर्नू।"

कैलाली क्षेत्र नं १ का निर्वाचन अधिकृतले उम्मेदवारी खारेज गर्ने निर्णयविरुद्ध चौधरीले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

## बालेनको कोठामा चोरी गर्ने तीन पक्राउ





काठमाडौँ, माघ २५ । नेपाल प्रहरीले काठमाडौँ महानगरपालिकाका पूर्वप्रमुख बालेन्द्र शाहको कोठामा चोरी गर्ने तीनजनालाई पक्राउ गरेको छ ।जिल्ला प्रहरी परिसर काठमाडौँले काठमाडौँ महानगरपालिका-४ चप्पल कारखानास्थित सीतादेवी गुरुङको घरमा रहेको शाहको कोठा चोरी गर्ने तीनजनालाई पक्राउ गरी आइतवार सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका-१६ बालाजुका ४२ वर्षीय मनिष राजवाहक, सिन्धुपाल्चोक लिसङ्खुपाखर घर भई काठमाडौँको गैरीगाउँ बस्ने ४६ वर्षीय खिमबहादुर खड्का र डोटी घर मई हाल धादिङको खानीखोला बस्ने ४५ वर्षीय सञ्जय श्रेष्ठ रहेका छन् ।

परिसरका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) रमेश थापाले गत भदौ २४ गते नख्खु कारागारबाट फरार भएका कैदीले चोरी गर्दै हिँडेको सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ परेका राजवाहकविरुद्ध चोरी मुद्दा, खड्काविरुद्ध बैंकिङ कसुर र श्रेष्ठविरुद्ध जबर्जस्ती करणी मुद्दा रहेको अनुसन्धानमा खुलेको उनले बताए । पक्राउ परेका तीनैजनासँग प्रहरीले चोरीमा प्रयोग हुने वस्तु र चोरीका सामग्री बरामद गरेको प्रहरीले जनाएको छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ। स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आकस्मिक धन लाभ हुनेछ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ। तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला। कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ